# स्थानीय राजपत्र

खण्डः २ | संख्याः २६ | प्रकाशित मितिः२०८०/०९/१७

**भाग-२**

**तुम्बेवा गाउँपालिका, पाँचथरद्वारा प्रकाशित**

## सामुदायीक विद्यालयमा करार शिक्षक, विद्यालय कर्मचारी,बाल विकास सहजकर्ता, शिक्षण अनुदान शिक्षक छनौट सम्बन्धी कार्यविधि-२०८०

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/०९/१२

आज्ञाले,

केशव कुमार थापा

नि.प्रमुख प्रशासकीय अधिकृत

## सामुदायीक विद्यालयमा करार शिक्षक, विद्यालय कर्मचारी,बाल विकास सहजकर्ता, शिक्षण अनुदान शिक्षक छनौट सम्बन्धी कार्यविधि-२०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत  मिति: २०८०/०९ /१२

# तुम्बेवा गाउँपालिका

## पाँचथर

कोशी प्रदेश,  नेपाल

## सामुदायीक विद्यालयमा करार शिक्षक, विद्यालय कर्मचारी,बाल विकास सहजकर्ता, शिक्षण अनुदान शिक्षक छनौट सम्बन्धी कार्यविधि-२०८०

प्रस्तावनाः नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षा समबन्धी हकको व्यवस्था गरिएको छ ।धारा ५७ को उपधारा ४ मा स्थानिय तहको अधिकार अनुसूची ८ मा आधारभुत र माध्यमिक शिक्षा सम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ। स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ "ज" मा आधारभुत तथा माध्यमिक शिक्षा सम्बन्धी विद्यालय स्थापना, नियमन, अनुगमन, गाभ्ने तथा सम्पुर्ण व्यवस्थापन गर्ने जिम्मा स्थानिय तहमा रहेको छ। यसै गरी शिक्षा नियमावली, २०५९ को नियम ५७ मा करार शिक्षक नियुक्ति र परिच्छेद २३ मा सामुदायीक विद्यालय कर्मचारी सम्बन्धी व्यवस्था भएको र करारमा शिक्षक नियुक्ति गर्ने अधिकार विद्यालय व्यवस्थापन समितिमा निहित रहेको छ । माध्यमिक तह सम्मको शिक्षा सञ्चालन, नियमन र स्रोत व्यवस्थापन लगायत सम्पुर्ण जिम्मेवारी स्थानिय तहमा रहेको हुदाँ सामुदायिक विद्यालयमा रिक्त दरवन्दी तथा राहत अनुदान कोटामा करारमा शिक्षक नियुक्तिका साथै विद्यालय कर्मचारी, बालविकास सहजकर्ता, शिक्षण अनुदानमा शिक्षक नियुक्ति गर्नका लागि विद्यालय व्यवस्थापन समितिलाई कानूनी तथा प्राविधिक सहयोग गर्न आवश्यक देखिएकोले यो कार्यविधि बनाइएको हो।

### परिच्छेद-१
### प्रारम्भिक

**१) नाम र प्रारम्भः**

क) यस कार्यविधिको नामः " सामुदायीक विद्यालयमा करार शिक्षक, विद्यालय कर्मचारी, बालविकास सहजकर्ता, शिक्षण अनुदानमा शिक्षक छनौट सम्बन्धी कार्यविधि २०८०" रहनेछ।

ख)यो कार्यविधि तुम्बेवा गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

**२) अर्थ र परिभाषाःविषय र प्रशङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) **"कार्यालय"** भन्नाले तुम्बेवा गाउँपालिकाको कार्यालयलाई जनाउनेछ।

ख) **"शिक्षा, युवा तथा खेलकुद शाखा"** भन्नाले तुम्बेवा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई जनाउनेछ।

ग) **"वि.व्य.स."** भन्नाले सामुदायीक विद्यालयमा गठन भएको विद्यालय व्यवस्थापन समितिलाई जनाउनेछ।

घ) **"विद्यालय"** भन्नाले बालविकास देखि कक्षा १२ सम्मको शैक्षिक संरचना अनुसार व्यवस्थापन भएको सामुदायिक विद्यलयलाई जनाउनेछ।

ङ) **"छनौट समिति"** भन्नाले विद्यालयमा रिक्त रहेको दरवन्दी, राहत अनुदान कोटाका शिक्षक, विद्यालय कर्मचारी, बालबालिकास सहजकर्ता, सामुदायिक सिकाइ केन्द्रका स.का. र शिक्षण अनुदानमा शिक्षक नियुक्ति गर्ने प्रयोजनका लागि गठन भएको छनौट समितिलाई जनाउनेछ।

च) **" विषय विशेषज्ञ"** भन्नाले आधारभुत तह र माध्यमिक तह सम्म शिक्षण छनौट सम्बन्धी परीक्षा सञ्चालनका लागि शिक्षा विकास तथा समन्वय एकाई पाँचथरले सूचिकृत गरेका विषय विज्ञको समूहलाई जनाउनेछ।

### परिच्छेद-२

**३)उद्देश्यः**यस कार्यविधिका उद्देश्य निम्नअनुसार रहेको छ।

क) सामुदायिक विद्यालयहरुमा रिक्त रहेको दरवन्दी तथा राहत अनुदान कोटामा करारमा शिक्षक, विद्यालय कर्मचारी, बाल विकास सहजकर्ता, सामुदायिक सिकाइ केन्द्रका परिचालिका र शिक्षण अनुदानका शिक्षक नियुक्ति गर्नका लागि गठन भएको शिक्षक कर्मचारी छनौट तथा सिफारिस गर्नका लागि आवश्यक कानूनी तथा प्राविधिक सहयोग गर्ने।

**परिच्छेद-३**

**४) अनुमती, शिक्षक छनौट समिति गठन, विज्ञापन र पाठ्यक्रम सम्बन्धी व्यवस्थाः**

**४.१) अनुमतीः**

क) सामुदायिक विद्यालयमा, अनिवार्य अवकास, स्वेच्छिक अवकास, सरुवा वा अन्य कारणबाट रिक्त रहेको स्वीकृत दरवन्दी तथा राहत अनुदान कोटा, विद्यालय कर्मचारी, बालविकास सहजकर्ता, सामुदायीक सिकाइ केन्द्रका परिचालिका र शिक्षण अनुदानका शिक्षक करारमा नियुक्ति गर्नका लागि विद्यालय व्यवस्थापन समितिले रिक्त भएको कारण जनाइ शिक्षक नियुक्तिका लागि अनुमति माग भएमा तुम्बेवा गाउँपालिका, शिक्षा शाखाले दरवन्दी तेरिज अनुसार ठिक भएमा विज्ञापनको लागि अनुमति दिन सक्नेछ।
ख) अनुमति प्रदान गर्दा आधारभुत तह कक्षा १-५ मा शिक्षा नियमावली २०५९ को नियम ५१ र आधारभुत तह कक्षा ६-८ साथै माध्यमिक तहमा विषयगत रुपमा करारमा शिक्षक नियुक्ति गर्ने गरि अनुमति दिनुपर्नेछ।

**४.२.) शिक्षक विद्यालय कर्मचारी र वाल विकास सहजकर्ता छनौट समिति सम्बन्धी व्यवस्थाः-**

क) सामुदायिक विद्यालयमा रिक्त रहेको दरवन्दी तथा राहत अनुदान कोटामा शिक्षक नियुक्तिका लागि छनौट गरी सिफारिस गर्न प्रत्येक विद्यालयमा शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ अनुसार गठन भएको एक छनौट समिति हुनेछ।
ख) सामुदायिक विद्यालयमा रिक्त रहेको विद्यालय कर्मचारी, वाल विकास सहजकर्ता, सामुदायीक सिकाइ केन्द्रका परिचालिका र शिक्षण अनुदानमा शिक्षक छनौटका लागि गाउँपालिका शिक्षा शाखाको कर्मचारी रहने गरी ५ (पाँच) सदस्य छनौट समितिबाट हुनेछ।
ग) दफा ४ को उपदफा ४.२ को क र ख बमोजिम छनौट गर्न विषय विज्ञको रुपमा सम्बन्धीत क्षेत्रमा विज्ञता भएको व्यक्तिलाई विद्यालयको माग बमोजिम तुम्बेवा गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखाले खटाउन सक्नेछ।
घ) उपदफा ४.२. (क) र (ख) बमोजिम गठन भएको छनौट समितिको पदावधी करार शिक्षक तथा कर्मचारी सिफारिस भए पछि स्वत सकिनेछ।
ङ) दफा ४ को उपदफा ४.२ को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएता पनी तुम्बेवा गाउँपालीका अन्तरगतका सम्पुर्ण सामुदायीक विद्यालयका प्रध्यानाध्यापक र विद्यालय व्यवस्थापन समितीका अध्यक्षहरुले संयुक्त रुपमा करार शिक्षक छनौट तुम्बेवा गाउँपालिकाबाट नै गरिपाउँ भनि सामुदायीक विद्यालयका प्रध्यानाध्यापक र विद्यालय व्यवस्थापन समितीका अध्यक्षहरुको संयुक्त बैठक बाट निर्णय भई आएमा तुम्बेवा गाउँपालिका शिक्षा शाखाबाट करार शिक्षक छनौट परिक्षा सञ्चालन हुनेछ।
च) दफा ४ को उपदफा ४.२ को खण्ड (ङ) को प्रयोजनार्थ शिक्षक छनौट समितीमा शिक्षा शाखा प्रमुखको संयोजकत्वमा २ जना विषय विज्ञ र १ जना शिक्षा शाखाको कर्मचारी रहने गरि ४ सदस्य छनौट समिती रहने छ।

**४.३. विज्ञापन सम्बन्धी व्यवस्थाः**

क)विद्यालय व्यवस्थापन समितिले करार शिक्षक, कर्मचारी र वाल विकास सहजकर्ता, सामुदायीक सिकाइ केन्द्रका परिचालिका र शिक्षण अनुदानमा शिक्षक नियुक्तिका लागि अनुमति प्रदान गरेपछि वि.व्य.सको वैठक बसि कम्तिका १५ दिनको म्याद राखि विज्ञापन गर्नुपर्नेछ।

ख) विज्ञापन स्थानिय रेडिय, पत्रपत्रिका, गाउँपालिकाको आधिकारिक वेब साइट र सम्बन्धित निकायहरुबाट समेत प्रकाशन, प्रशारण गर्नुपर्नेछ ।
ग) विज्ञापन गर्दा सूचनामा सम्पूर्ण विवरण खुलाई विज्ञापन गर्नु पर्नेछ ।

**४.४. पाठ्यक्रम सम्बन्धी व्यवस्थाः**

क) शिक्षक पदमा नियुक्तिको लागि परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।
ख) वाल विकास सहजकर्ता, विद्यालय कर्मचारी, सामुदायीक सिकाइ केन्द्रका परिचालिकाहरुको नियुक्तिका लागि निधार्ण गरिएको पाठ्यक्रम तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

### ५. शिक्षक, कर्मचारी, राहत अनुदान र वाल विकास सहजकर्ता छनौट सम्बन्धी प्रकृयाः

### ५.१. शिक्षक, कर्मचारी, राहत अनुदान र वाल विकास सहजकर्ता छनौट सिफारिस समितिले छनौट गर्न देहाय बमोजिम प्रकृयाहरु अवलम्बन गर्नु पर्नेछ ।

क) शिक्षक, कर्मचारी, वाल विकास सहजकर्ता, सामुदायीक सिकाइ केन्द्रका परिचालिका र शिक्षण अनुदानमा छनौट गर्न विद्यालयको प्र.अ. सदस्य सचिव भई काम गर्ने र छनौट समितिको सचिवालय विद्यालयमा रहनेछ ।
ख) शिक्षक, कर्मचारी, वाल विकास सहजकर्ता, सामुदायीक सिकाइ केन्द्रका परिचालिका र शिक्षण अनुदानमा छनौट सम्बन्धी परीक्षा गाउँपालिकामा हुनेछ ।
ग) शिक्षक छनौट समितिले शिक्षक छनौटका लागि लिइने लिखित तथा अन्तरवार्ताको परीक्षा समाप्त भई प्रयोगात्मक परीक्षा लिनु परेमा विषय र पदको प्रकृति हेरी प्रयोगशाला रहेको स्थानमा लिनु पर्नेछ ।
घ) शिक्षक, कर्मचारी र सहजकर्ता छनौट समितिको वैठक सम्बन्धी कार्यविधि सो समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।
ङ) छनौट समितिमा रहने सदस्यहरु मध्ये कुनै उम्मेदवारको नाता गोता पर्ने भएमा उक्त समितिमा बस्न मिल्ने छैन ।
च) कुनै पनि शिक्षक, कर्मचारी र सहजकर्ता पदका लागि लिइने परिक्षा दस्तुर शिक्षक सेवा आयोगले दिने दस्तुर भन्दा बढि हुने छैन ।
छ) परीक्षाका लागि प्रयोग हुने प्रश्नपत्रहरु शिक्षा शाखा प्रमुख र समितिको अन्य सदस्यको प्रत्यक्ष रोहवरमा निर्माण गरिनेछ ।
ज) शिक्षक पदमा लिखित परीक्षाको प्रथम पत्रमा उत्तिर्ण भएका उम्मेदवारलाई दोस्रो पत्रको परीक्षमा समावेश हुन योग्य मानिनेछ ।
झ) लिखित परीक्षा समाप्त भई सकेपछि उत्तर पुस्तिका कोडिङ, डिकोडिङ गरी विषय विज्ञबाट परीक्षण गराउनु पर्नेछ ।
ञ) परिक्षकले उत्तर पुस्तिका परिक्षण गर्दा अनिवार्य रुपमा उत्तर कुञ्जिकाको प्रयोग गर्नु पर्नेछ ।
ट) विषय विज्ञले परीक्षण गरेको उत्तर पुस्तिकामा ७.५ अंक भन्दा बढी अङ्क फरक (अन्तर) भएमा पुन परीक्षण गराउनु पर्नेछ ।
ठ) मुल परीक्षकले परीक्षण गरेको उत्तर पुस्तिकामा शंका लागेमा अन्य विज्ञ बोलाइ पुन परीक्षण गराउनु पर्नेछ ।
ड) शिक्षक छनौट सम्बन्धित थप प्रकृया गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-५

### ६. परीक्षा, अन्तरवार्ता र योग्यताक्रम सम्बन्धी थप व्यवस्थाः

क) लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षा सामान्यतया परीक्षा छनौट समितिलाई तोके बमोजिम हुनेछ ।

ख) लिखित, अन्तरवार्ता र प्रयोगात्मक परीक्षा सञ्चालन, कपि परीक्षण लगायतका थप पक्रियाहरु तोके बमोजिम हुनेछ।

ग) छनौट समितिले विषयगत प्रकृति हेरि लिखित, मौखिक र प्रयोगात्मक परिक्षा समेत लिन सक्नेछ तर उम्मेदवारलाई प्रभाव पार्ने वा छनौट सम्बन्धी सिमित दायरा बनाइ व्यक्ति लक्षित गर्ने आधारहरु तय गर्न मिल्ने छैन ।

घ) अन्तरवार्ता लिदा कम्तिमा ३५ प्रतिशत र बढिमा ७० प्रतिशत भन्दा घटि बढी अंक दिन पाइने छैन घटि बढि दिनु परेमा कारण खुलाउनु पर्नेछ।

ङ) शिक्षक नियुक्तिका लागि सिफारिस भएको उम्मेदवारको योग्यता क्रम प्राप्ताङ्कको आधारमा प्रकाशन गरिनेछ र अन्तिम नतिजाको सूची प्रकाशन गर्दा नियुक्तिका लागि सिफारिस उम्मेदवार र कम्तिमा १ जना बैकल्पिक उम्मेदवारको सिफारिस गर्नु  पर्नेछ तर छनौट प्रकृयामा वैकल्पिक उम्मेदवार सिफारिस हुन नसकेमा नतिजा प्रकाशनमा बाधा पर्ने छैन।

## परिच्छेद-६

**७) करामा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थाः**

क) शिक्षक छनौट समितिबाट सिफारिस भई आएको उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले बढिमा १ शैक्षिक सत्रका लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ।

ख) यसरि नियुक्त गर्दा सेवा सर्त एवम सुविधा सहित उल्लेख गरी करार गराई नियुक्ति गर्नु पर्नेछ।

ग) कारारमा नियुक्ति गरेको शिक्षकको फायल अभिलेखिकरण गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट हुनेछ।

घ) करारमा शिक्षक नियुक्ति भएको १ शैक्षिक सत्र भित्र पनि स्व पदमा स्थायी पदपुर्ति नभएमा विद्यालय व्यवस्थापन समितिले ६/६ महिनाका लागि करार म्याद थप गर्न सक्नेछ यसरी म्याद थप भएको जानकारी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्बन्धित विद्यालयले दिनु पर्नेछ।

## परिच्छेद-७

**८) विषय विशेषज्ञ सम्बन्धी व्यवस्थाः**

क) शिक्षा विकास तथा समन्वय एकाई पाँचथरले प्रकाशन गरेको विषय विशेषज्ञमा सूचीकृत विषय विशेषज्ञ उपलब्ध नभएमा सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेका विज्ञलाई आमन्त्रण गरी परिक्षा सञ्चालन गरिनेछ।

## परिच्छेद-८

**९) विविधः**

क) छनौट समितिले यस कार्यविधि र निर्णय बमोजिमको प्रकृया रित नपुऱ्याइ शिक्षक नियुक्ति गरिएमा गाउँ शिक्षा समितिको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले त्यसरी नियुक्ति भएको ६ महिना सम्ममा त्यस्तो निर्णय वदर गर्न सक्नेछन्।

ख) यस कार्यविधिको पालना भए नभएको अनुगमन गाउँपालिका एवम् गाउँ शिक्षा समितिबाट हुनेछ।

ग) यस कार्यविधि बमोजिम कार्यसम्पादन गर्दा कुनै द्विविधा वा बाधा उत्पन्न भएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट हुनेछ।